आज मिति २०७९ साल मंसिर महिना २९ गते बिहिबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यापालिकाको बैठक नं ११-२०७९/०८० मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री देव किरण बुढा | सचिब | प्रमुख प्रशासकीय अधिकृत | |

CS CamScanner

बैठक संख्या ..... कार्यपालिकाको निर्णय

**बैठक संख्याः ११/०७९-८०, मिति २०७९।०८।२९ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं.१:** यस अघि निर्णय भएका कार्यपालिका बैठकका निर्णहरुको माथी समिक्षा गरियो साथै कार्यान्वयन नभएका निर्णयहरुलाई कार्यन्वयन गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. २** यस नगरपालिका तपशिलका कार्यविधिहरु बैठकमा छलफल भइ उठान भएका विषय वस्तुहरुलाई समेटी उक्त कार्यविधि स्वीकृत गर्ने ।

क. "गुर्भाकोट नगरपालिका विपन्न घर परिवारका लागि निशुल्क स्वास्थ्य विमा कार्यविधि २०७९"

ख. " गुर्भाकोट नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७९"

**निर्णय नं. ३:** यस नगरपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास (MEDPA) कार्यक्रम उद्यम विकास समितिमा छलफल भइ अनुमोदनका लागि सिफारिस भएकोमा सो कार्यक्रम बैठकमा बृहत छलफल भई अनुमोदन गर्ने ।

**निर्णय नं. ४:** नेपाल सरकार संघीय सरकारबाट हस्तातरित कार्यक्रम सि.नं. १० नवीकरणीय उर्जा प्रविधि जडान(वायोग्यास र विद्युतिय चुलो र सुधारिएको चुलो र सौर्य उर्जा) संचालनको लागि रु.१०,००,०००।- विनियोजन भएकोमा देहायको संस्थाबाट कार्यक्रम माग भएको हुँदा माग भएका वडामा संचालन गर्न तपशिल अनुसारको कार्यक्रम उपलब्ध गराउने

१. विद्युतको पहुज पुग्ने सम्भावना नभएका बस्तीहरुमा सौर्य उर्जा वितरण रु. ५०००००।-

२. बायो ग्याज जडान रु. ५,००,०००।-

**निर्णय नं. ५:** यस नगरपालिकामा विभिन्न समयमा आएको अविरल वर्षातका कारण क्षेती भएका तपशिलका सडक तथा सिचाई संरचना मर्मत गर्न भैपरी आउने पूजिगत शिर्षकबाट देहाय अनुसारको रकम विनियोजन गर्ने ।

क. सुन्दरनगर-गंगटे-घारी मेहेलकुना र भेडावारी पुल सडक मर्मत वडा नं. ८ रु. १४७०००।-

ख. वडा नं. १३ सडक खाल्डा पुर्ने र धोरेनी र भम्का लिफ्ट सिचाई सडक मर्मत रु. २०००००।-

ग. सडक मर्मत वडा नं. ३ रु. ३,६०,०००।-

घ. सडक मर्मत वडा नं. ४ रु. २,३०,०००।-

ङ. सडक मर्मत वडा नं. १४- ३,३०,०००।-

च. सडक मर्मत वडा नं. ९- रु. ३०००००।-

छ. सडक मर्मत वडा नं. १२ - रु. २६०,०००।-

ज. सडक मर्मत वडा नं. २ - रु. ७,५०,०००।-

झ. सडक मर्मत वडा नं. १ - रु. ४,००,०००।-

ञ. सडक मर्मत वडा नं. ५ - रु. ८,००,०००।

**निर्णय नं. ६:** प्रतिनिधी सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को लागि निर्वाचन आयोगले मतदाता शिक्षा निर्देशिका २०७९ बमोजिम नगरपालिकाबाट मतदाता शिक्षिका नियुक्ति गरी सोको पारिश्रमिक समेत नगरपालिकाबाट उपलब्ध गराउनु पर्ने भएको हुँदा प्रति शिक्षिका रु. १०,०००।- र अन्य विविध खर्च, बैठक भत्ता सेवा तथा परामर्श शीर्षकबाट भुक्तानी गर्ने ।

CamScanner

बैठक संख्या ११ मिति २०७९।०८।२७
कार्यपालिकाको निर्णय प्रमाणित

**निर्णय नं. ७:** यस नगरपालिकाको १२ औं नगर सभा यहि पौष महिनाको १७ गते ~~सनिबार मैते बार~~ आइतबार सिटिहलमा विहान ११ बजेट बस्ने गरी सबै नगर सभा सदस्यहरुलाई जानकारी गराउने नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ८:** यस नगरपालिकामा सामुदायिक विद्युतिकरणको पहुँच नपुगेका बस्तीहरुमा विद्युत विस्तार गर्नको लागि सर्भे गर्नको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. ९:** यस नगरपालिकामा तपशिलका योजनाहरु गत आ.व. मा सम्पन्न नभइ यस आ.व.को कात्तिक मसान्त सम्म म्याद थप गरिएकोमा असोज १९ गते देखि आएको वर्षाका कारण काम गर्न नसकिएको हुँदा सो म्याद २०७९ माघ मसान्त सम्म थप गर्ने ।

१. लेख मालारानी डाँडागाउँ खा.पा. तथा सिचाई योजना वडा नं. २
२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बाट स्वीकृत भएका योजनाहरु ।
३. तोरी खर्क सडक निर्माण वडा नं. ५
४. पोखरीपाटा, ओखले, प्युठानेटोल, निकेलेनी विरकट्टे सडक निर्माण ५
५. खेलकुद पुर्वाधार निर्माण वडा नं. ७
६. आधारभूत स्वास्थय केन्द्र कोप्ची प्रतिक्षालय निर्माण वडा नं. ७
७. वाँयाकाडा शहरी स्वास्थ्य प्रतिक्षालय निर्माण ३

**निर्णय नं. १०:** यस नगरपालिका वडा नं. ९ स्थित जनसेवा माध्यामिक विद्यालय सहारेको विद्यालय व्यवस्थापन समिति विघटन गरी वडा समितिलाई जिम्मेवारी दिएकोमा समय अभाव देखाइ सबै जिम्मेवारी समयमै पुरा नगरेकोले पुनः सो विद्यालयको व्यवस्थापकीय कार्यका लागि गुर्भाकोट नगरपालिका शिक्षा ऐन २०७५(संशोधन सहित ) को दफा १५ को उपदफा (१४) प्रतिबन्धात्मक वाक्यांको आधारमा तपशिलका कार्यहरु तोकिएको बमोजिम गर्ने गरी सो ऐनको दफा १४ बमोजिम पुनः वडा शिक्षा समितिलाई विद्यालय व्यवस्थापन समितिको कामकाज गर्नको लागि जिम्मा दिने ।

१. कार्यपालिकाको निर्णय भएको मितिले २१ दिन भित्र पुनः विद्यालय व्यवस्थापन समिति गठन गर्ने
२. सो वि.व्य.स गठन नहुँदा सम्मको लागि विद्यालयको कामकाज गर्न वडा शिक्षा समितिलाई नै जिम्मा दिने ।

**निर्णय नं. ११:** गुर्भाकोट नगरपालिका आधारभूत तह शिक्षा उत्तिर्ण परीक्षा व्यवस्थापन गर्नको लागि तयार पारिएको कार्यविधि २०७४ को दफा ३ लाई तपशिल बमोजिम संशोधन गर्ने

क. प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख- संयोजक
ख. सामुदायिक विद्यालयको प्र अ मध्ये शिक्षा समितिले मनोनित गरेको १ महिला सहित २ - सदस्य
ग. संस्थागत विद्यालय प्र अ मध्ये शिक्षा समितिले मनोनित गरेको १ महिला सहित २ - सदस्य
घ. आधरभूत तह संचालन भएका सामुदायिक विद्यालयका शिक्षक मध्ये मनोनित १ जना विज्ञा - सदस्य
ङ. आधरभूत तह संचालन भएका संस्थागत विद्यालयका शिक्षक मध्ये मनोनित १ जना विज्ञा - सदस्य
च. पाठ्यक्रम तथा परीक्षा विज्ञ मध्ये शिक्षा समितिले मनोनित गरेको विज्ञ १ जना - सदस्य
छ. शिक्षा, युवा तथा खेलकुद शाखाको परीक्षा हेर्ने १ जना कर्मचारी - सदस्य सचिव

बैठक संख्या ..११.. मिति २०७९।०८।२३
कार्यपालिकाको निर्णय प्रमाणित

**निर्णय नं. १२:** यस नगरपालिकामा तपशिलका कानून, कार्यविधि हरु निर्माण गर्नुपर्ने आवश्यक भएको हुँदा सोको आवश्यक प्रकृया अगाडी बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने ।

१. औधोगिक व्यवसाय ऐन,
२. व्यापार-व्यवसाय दर्ता तथा संचालन ऐन
३. कोशेली गृह संचालन कार्यविधि
४. आवधिक योजना
५. मध्य कालिन खर्च योजना
६. नगर स्तरीय तथा मेयर कप खेलकुद संचालन कार्यविधि
७. बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा परिचालन कार्यविधी,
८. विद्यालयमा दिइने नगर अनुदान
९. करार शिक्षक छनौट कार्यविधि
१०. शिक्षक तथा कर्मचारी प्रोत्साहन कार्यविधि

**निर्णय नं. १३:** विविधः- रकम भुक्तानी सम्बन्धमा ।

क. मानव सेवा आश्रमलाई सहयोग स्वरुप रु. १०००००।- भैपरी आउने पूजिगतबाट उपलब्ध गराउने ।

ख. नेपाल नगरपालिका संघमा यस नगरपालिकाको सदस्यता तथा बार्षिक नवीकरण गर्नुपर्ने भएकोले सो नवीकरणको लागि रु. २५०००।- र अधिवेशन शुल्क रु. १०,०००।- रकम भैपरी आउने पूजिगत शीर्षकबाट उपलब्ध गराउने,

ग. नेपाल प्रेस युनियन र नेपाल पत्राकार महासंघ कर्णाली प्रदेश अधिवेशन समितिले अधिवेशनको लागि आर्थिक सहयोग माग गरेको हुँदा सो युनियन लाई रु. १,००,०००।- सहयोग र नेपाल पत्रकार महासंघ को अधिवेशनको लागि रु. १,००,०००।- भैपरी आउने पूजिगतबाट उपलब्ध गराउने ।

घ. नगर सचिवालय प्रिन्टर खरिद वापत रु. ४५०००।- र प्रतिनिधी तथा प्रदेश सभा निवार्चनमा मतगणनाको लागि सिटिहलमा आवश्यक व्यवस्थापनमा खर्च भएको रकम, रु. ५०५०००।- भैपरी आउने पूजिगत शिर्षकबाट भुक्तानी दिने ।

ङ. यस नगरपालिका लेखा शाखामा श्रेष्ता व्यवस्थापनको लागि र्‍याक निर्माण गरी भुक्तानी माग गरेको हुँदा रु. ११५०००।- रकम भैपरी आउने पूजिगत शिर्षकबाट भुक्तानी गर्ने,

च. लोसार पर्व नगर स्तरीय मनाउनको लागि वडा नं. १३ देखि रकम माग भएकोमा रु. ५०,०००।- रकम भैपरी आउने पूजिगतबाट उपलब्ध गराउने ।

छ. क्रिश्चयन धर्महरुको सम्मेलनको लागि आर्थिक सहयोग माग भएकोमा रु. ५००००।- रकम उपलब्ध भैपरी आउने पुजिगत गराउने ।

ज. मेहेलकुना बजारमा ट्राफिक सिग्नल बोर्ड निर्माण गरी खर्च भएको रकम भुक्तानी माग गरेकोले खर्च भएको रकम रु. ४४०००।- भैपरी आउने पूजिगत शीर्षकबाट भुक्तानी दिने,